लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

आज मिति २०७६ साल बैशाख १३ गतेका दिन लमही नगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यू को अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरूको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री गेहेन्द्र बहादुर डांगी | सदस्य सचिव | |

Scanned with CamScanner

मिति २०७६ बैशाख १३ गतेका दिन बसेको लमही नगर कार्यपालिकाको निर्णयहरु ।

**निर्णय नं १** : वार्ड नं ४ स्थित निर्माणाधिन वगै सोता पुललाई चालु आर्थिक वर्ष ०७५।०७६ मा भुक्तानी दिनकालागि अपुग रकम समेत व्यवस्थापन गरी निर्माणाधिन पुलको कार्यप्रगतीको आधारमा भुक्तानी व्यवस्थापन गर्ने

निर्णय नं. २ : आ.व. २०७६।०७७ का लागि म्याचिङ फण्ड मार्फत सचांलन गर्न तपसिलमा उल्लेखित योजनाहरु ५ नं प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

- वडा नं. १ को सुनडवरी सडक कालो पत्रे गर्ने ।
- २ नं. वडा को सिमा प्रारम्भ देखि केरुनिया सम्म सडक कालोपत्रे गर्ने ।
- वडा नं. ३ को फल्कापुर चोक हुदै मसानघाट देखि बालतारा आधारभुत विद्यालय सम्म सडक कालोपत्रे गर्ने ।
- वडा नं. ४ को अर्नवा देखि बयलडाँडा सम्म सडक कालोपत्रे गर्ने ।
- वडा नं. ५ को आदर्श टोलमा नाली सहित सडक कालो पत्रे गर्ने ।
- वडा नं. ६ को पिपलटोल देखि लंगडी जाने सडक कालोपत्रे गर्ने ।
- वडा नं. ७ को वडा कार्यालय भवन निर्माण ।
- वडा नं. ८ को राप्ती मा.वि. देखि टेङनैया हुदै सतवरिया स्वास्थ्य चौकी सम्म सडक कालोपत्रे गर्ने ।
- वडा नं. ९ को रिहार देखि कोल्तारा हुदै तरुलिया सडक पिच गर्ने ।

निर्णय नं. ३ : तराई मधेश समृद्धि कार्यक्रम अर्न्तगत आ.व. २०७६/०७७ को लागि तपसिलमा उल्लेखित योजनाहरु छनौट गरि माग गर्ने निर्णय गरियो ।

तपसिल

- वडा नं. १ को बसन्तपुरमा लिफ्ट खानेपानी आयोजना
- वडा नं. २ को सोनपुर स्वास्थ्य चौकीको अधुरो भवन निर्माण
- वडा नं. ३ को टिकलीगढ चोक देखि जखेराताल जोड्ने सडक कालोपत्रे
- वडा नं. ४ को दामोदर चोक देखि बनगाउँ चोक सम्म नाली निर्माण
- वडा नं. ५ मा आधुनिक बधशाला निर्माण
- वडा नं. ६ को मध्यनगर चौराह देखि कश्यपपुर सम्म नाली सहित सडक कालोपत्रे
- वडा नं. ७ को वनघुस्री देखि हस्नापुर सम्म वाटो कालोपत्रे
- वडा नं. ८ को भत्तरकुण्डा विद्यालय देखी खोलीगाउँ हुदै जहरे राजमार्ग सम्म सडक कालोपत्रे
- वडा नं. ९ को खाली खोला र तरुले खोलामा पुल निर्माण

निर्णय नं. ४ : वडा नं. ४ को अर्नवा मोड देखि चैलाही जोड्ने पुल निर्माणका लागि प्रदेश सरकारलाई माग गरि पठाउने निर्णय गरियो ।

७६।१।१६

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

निर्णय नं. ५ : वडा नं. २ को रनियापुर देखि राजपुर जोड्ने पुल को डि.पि.आर. भईसकेको हुदा उक्त योजना निर्माणका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : वडा नं. ७ को हस्नापुर गाउँको जग्गा देखि दक्षिण तर्फ र राप्ती नदीको उत्तर तर्फ अन्दाजी २० विगाहा जग्गामा औद्योगिक ग्राम र अटो भिलेज निर्माण गर्न जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ : ईलाका प्रहरी कार्यालय अमिलिया दाङको बा २ भ १८९६ नम्बरको गाडी मर्मत को लागि पेश भएको स्टेमेट रकम रु १,३०,५००।- (भ्याट बाहेक) बराबरको गाडी मर्मत गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ८ : अस्थायी ट्राफिक प्रहरी कार्यालय लमही दाङ लाई लमही नगरपालिका मार्फत खरिद गरि हस्तान्तरण गरिएको ब्रेथलाईजर मेशिनको विल अनुसार पेश भएको रकम रु  भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** लमही नगरपालिकामा रहेको सक्सन मेशिन विग्रीएको हुँदा उक्त मेशिन मर्मतको लागि पेश भई आएको स्टेमेट रकम रु १,५०,०००।- (भ्याट बाहेक)  बराबरको सक्सन मेशिन मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : लमही अस्पतालमा रेविज र टि.टि. को भ्याक्सीन अभाव भएको हुदा नगरबासी लाई सर्वसुलभ रुपमा र लमही नगरबासी भन्दा बाहीरका सेवा ग्राहीहरुलाई प्रति भ्याक्सीन खरिद गरिएको मूल्यमा उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरि भ्याक्सीन खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : इति सम्वत २०६८।०२।०४ गते सर्वोच्च अदालतले कुनै परीक्षार्थीले उत्तरपुस्तिका हेर्न पाउने व्यवस्थाका विषयमा गरेको फैसलाको नजिर हेर्दा सम्बन्धित निकायले तोके बमोजिमको शुल्क लिइ सम्बन्धित परीक्षार्थीलाई उत्तरपुस्तिका देखाउन सकिने भन्ने व्यवस्था भए बमोजिम यस लमही नगरपालिका अन्तरगत आधारभूत तह अनुत्तिर्ण परीक्षार्थीले देहायको शुल्क नगरकार्यपालिकाको कार्यालयको राजश्व खातामा जम्मा गरेको भौचर र परीक्षा प्रवेश पत्रको प्रतिलिपी र लिखित निवेदन समेतका आधारमा सम्बन्धित परीक्षार्थीलाई निजको उत्तरपुस्तिका देखाउने व्यवस्था गर्ने निर्णय गरियो । त्यस सम्बन्धी आवश्यक कार्य शिक्षा, युवा तथा खेलकूद शाखाले गर्ने ।

**शुल्क दस्तुर**

| विषय | १ विषय | २ विषय | ३ विषय | ४ विषय | ५ विषय भन्दा माथि |
|---|---|---|---|---|---|
| शुल्क रु | १००० | १५०० | २००० | २५०० | ३००० |

निर्णय नं. १२
लमही नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारी पर्याप्त नहुदा प्राविधिकलाई अध्यधिक कार्यबोझ भई समय सिमा भित्र योजना सम्पन्न गर्न सम्भव नदेखिएको हुदा सार्वजनिक खरिद ऐनको अधिन, २०६३ को मा रही २०७६ साल अषाढ मसान्त सम्मका लागि एक जना ईन्जिनियर एक जना सव ईन्जिनियर प्रमुख प्रशासकीय अधिकृतले सेवा करारमा नियुक्ती दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

निर्णय नं. १३ : लमही नगरपालिकाको आ.व. २०७५/०७६ को कार्यक्रम अन्र्तगत कृषि उपशाखाद्धारा कृषि सामग्री वितरण गर्दा वडा कार्यालयको सिफारिस अनुसार समूह, सहकारी र व्यक्तिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ : वडा नं. ३ मा संचालनमा रहेको टिकलीगढ प्रा.वि. को निर्माणाधिन भवनको कार्य सम्पन्न गर्न बाँकी रहेको हुदा आगामी आ.व. २०७६/०७७ मा ३ नं वडाको लागि बजेट व्यवस्थापन गरि भुक्तानी दिने गरि चालु आ.व. ०७५।०७६ मै कार्य संचालन गर्न स्विकृती दिने ।

निर्णय नं १५ : वडा नं. १ को पूर्व पश्चिम राजमार्ग देखि नेत्रलाल स्मृती पार्क सम्म जाने वाटो नाम सुशिल मार्ग नामाकरण गरि श्रीकृष्ण चौधरीलाई तदनुसार निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं १६ : लमही नगर कार्यपालीकाको मिति ०७५।१२।१३ गते बसेको बैठकबाट कार्यपालीकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिने गरि भएको निर्णय मुतावीक कार्यपालीकाका कर्मचारीहरुको मिति ....... मा बसेको बैठकबाट समेत स्वतस्फूर्त र स्वेच्छिकरुपमा हुन गएको निर्णय र स्विकारोक्ती अनुरुप ०७६ साल बैशाख ८ गते देखि **शनिवार बाहेक आईतवार देखि शुक्रबार सम्म सार्वजनिक विदाका दिनमा समेत** विहान ८ बजे देखि बेलुका ७ बजे सम्म ( दैनिक ११ कार्यघण्टा) संचालनमा आएको कार्यालय समय ०७६ असार मसान्त सम्म चालु आर्थिक वर्षको कार्यवोझ र कार्य सम्पादनको स्थितीलाई आकलन गरि यथावत संचालन गर्ने गराउने निर्णय गरियो ।

७६/१/१६

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner